१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको कार्य सम्पादन जमानत ठेक्का अवधी सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | २०७६ साल पौष मसान्त भित्र | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | २०७७ असाढ १५ गतेसम्म | कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम । |

३. ठेक्का कबोल गर्ने ठेकेदारले ईन्द्रावती गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी राख्नुपर्नेछ ।

५. ठेकेदारले उठाउने कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ, साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. ईन्द्रावती गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

८. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

१०. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

११. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. ईन्द्रावती गाउँपालिका भित्रका नदी, नालावाट ढुंगा, गिट्टी, वालुवा, निकाली विक्री गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पूलको तल १५०० र माथि १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१३. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१४. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।

१५. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१६. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, सिन्धुपाल्चोकबाट खरिद वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।

१७. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१९. प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२०. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
३ नं. प्रदेश नेपाल
२०७३

विनोद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत